# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय)

अ छा वे

पत्र संख्या: ०७८।०७९
च.नं. ९

मिति: २०७८।०६।२४

विषय: लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
गौरीशंकर गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय,
दोलखा।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७७।०७८ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८।०६।१२ मा छलफल पश्चात् तयार गरिएको पाना ३८ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरण प्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा ३५ दिनभित्र फछ्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(घनश्याम काफ्ले)
निर्देशक

बोधार्थ तथा कार्यार्थ:
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार काठमाण्डौ.- प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला संमन्वय समितिको कार्यालय
दोलखा :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
दोलखा:- प्रतिवेदन संलग्न छ ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय,
हेटौडा मकवानपुर.- प्रतिवेदन संलग्न छ ।



Scanned with CamScanner

# आर्थिक कारोबारोको स्थिति

कार्यालयको नामः गौरीशंकर गाँउकार्यपालिकाको कार्यालय दोलखा ।

| पद | नाम | कार्यरत अवधि | | बेरुजु रकम |
|---|---|---|---|---|
| कार्यालय प्रमुख | श्री बाल कुमार श्रेष्ठ | २०७७.४.१ | २०७८.३.३१ | |
| लेखा प्रमुख | श्री तुल्सी राम कट्टेल | २०७७.४.१ | २०७८.३.३१ | |

आयव्यय

| गत वर्षको मौज्दात | यस वर्षको थप | जम्मा रकम | खर्च रकम | बाँकी रु. |
|---|---|---|---|---|
| ४०४३३६१ | ४५६६०००७१ | ४६०६४३७३२ | ४०६५६६९४२ | ५४०७६४८९ |

Scanned with CamScanner

## परिचयः

नेपालको संविधानले राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेसँगै स्थानीय नेतृत्वको विकास तथा स्थानीय शासन पद्धतीलाई सुदृढीकरण गर्दै स्थानीय सरकार संचालन गर्न गौरीशंकर गाउँपालिकाको स्थापना भएको हो । स्थानीय तहको विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई आत्मसात गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चत गरी गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नु गाउँपालिकाको मुख्य भुमिका हो । नेपालको प्रमाणिक समयको आधार मानिने गौरीशंकर हिमालको नामबाट नामाकरण भएको यस गाउँपालिका ६८१.३९ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । वि.सं. २०६८ सालको जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या १७,०६२ रहेको छ ।

## स्थानीय सञ्चितकोषः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७७/७८ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५०,५३,१९,३०० | ४५,६६,००,०७१.०९ | | ४५,६६,००,०७१.०९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५०,३५,९९,३०० | ४५,१६,४५,३८१.०९ | ० | ४५,१६,४५,३८१.०९ |
| ११००० कर | ११ | ९,९३,१२,१८० | ८,६२,३९,८७१.२९ | ० | ८,६२,३९,८७१.२९ |
| १३००० अनुदान | | ४०,३६,८४,६२० | ३५,८९,३४,११७ | ० | ३५,८९,३४,११७ |
| संघीय सरकार | १२ | ३२,८३,४७,६२० | ३०,६२,३३,८०३ | ० | ३०,६२,३३,८०३ |
| प्रदेश सरकार | १२ | ७,५३,३७,००० | ५,२७,००,३१४ | ० | ५,२७,००,३१४ |
| १४००० अन्य राजस्व | | ६,०२,५०० | ६४,५१,७२६.८० | ० | ६४,५१,७२६.८० |
| १५००० विविध प्राप्ति | | ० | १९,६६६ | ० | १९,६६६ |
| ख. अन्य प्राप्ति | | १७,२०,००० | ४९,५४,६९० | | ४९,५४,६९० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | १७,२०,००० | १३,७०,१४८ | ० | १३,७०,१४८ |
| धरौटी | | ० | ३५,८४,५४२ | ० | ३५,८४,५४२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५०,८१,६४,३०० | ४०,६५,६६,९४२.७२ | | ४०,६५,६६,९४२.७२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५०,६४,४४,३०० | ४०,२८,१३,०५०.७२ | | ४०,२८,१३,०५०.७२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १५,७३,८५,६२० | १४,०८,९९,७१४.७३ | ० | १४,०८,९९,७१४.७३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १०,३४,०९,५०० | ८,१२,५४,६६२.९९ | ० | ८,१२,५४,६६२.९९ |
| २५००० सहायता (Subsidy) | १८ | २,२९,२४,००० | २,११,८४,२१६ | ० | २,११,८४,२१६ |
| २६००० अनुदान | १८ | १,००,००० | १,००,००० | ० | १,००,००० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,१९,०७,००० | ७०,३२,६०१ | ० | ७०,३२,६०१ |
| २८००० अन्य खर्च | १८ | २५,४५,१८० | १३,२३,५६४ | ० | १३,२३,५६४ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूंजीगत खर्च | १८ | २०,८१,७३,००० | १५,१०,१८,२९२ | ० | १५,१०,१८,२९२ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | १७,२०,००० | ३७,५३,८९२ | | ३७,५३,८९२ |
| कोषहरु | | १७,२०,००० | ६,५२,४३३ | ० | ६,५२,४३३ |
| धरौटी | | ० | ३१,१०,०९० | ० | ३१,१०,०९० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -८,६३१ | | -८,६३१ |
| ङ. यो वर्षको बचत (न्युन) | | (२८,४५,०००) | ५,००,३३,१२८.३७ | | ५,००,३३,१२८.३७ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४०,४३,३६१.४० | | ४०,४३,३६१.४० |



Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | | (२८,४५,०००) | ५,४०,७६,४८९.७७ | | ५,४०,७६,४८९.७७ |
| बैंक तथा नगद बाकी | २४ | | ५,४५,२७,०५३.७७ | | ५,४५,२७,०५३.७७ |

माथी उल्लेखि स्थानीय संचित कोष व्यवस्थापन प्रणाली २७२ को म ले प फारम २७२ मा नसमेटिएका अन्य कारोबार निम्नानुसार रहेका छन् ।

| मुख्य शिर्षक | निकासा | खर्च | कैफियत |
|---|---|---|---|
| स्थानीय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रम | १८००००० | १८००००० | |
| एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ११५१८०९ | ११५१८०९ | |
| सामाजिक सुरक्षा तथा संरक्षण | ७३९४६२६६ | ७३९४६२६६ | |
| प्रदेश पूर्वाधार विकास कार्यक्रम | २९९०००० | २९९०००० | |
| स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | २८२००१३ | २८२००१३ | |

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

शीर्षक बिभिन्न | कार्यालयको नाम :गौरीशंकर गाँउपालिका दोलखा | आ व २०७७।७८

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता व्यवस्थापन प्रतिनिधित्व पत्र एंव आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेत लाई आधार मानी लेखापरीक्षण ऐन २०७५ को लेखापरीक्षणका अन्तराष्ट्रिय मापदण्ड र मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण गर्न सकिने व्यवस्था र स्वीकृत लेखापरीक्षण योजना बमोजिम नमुना छनौटको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा देखिएका व्यहोरा सम्वन्धमा कार्यालयका सम्बन्धित पदाधिकारीसँग मिति २०७८।०६।१२ मा छलफल भएको छ ।सारभुत रुपमा उल्लेखनिय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । छलफलबाट कायम भएका व्यहोराहरु निम्नानुसार छन् । | |
| | वित्तीय विवरण विश्लेषण तथा यथार्थता | |
| १. | वित्तीय विवरण- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाँउपालिकाले प्रत्येकवर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने एंव सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाँउपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्नुपर्दछ ।त्यसैले तोकेवमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | स्वीकृत ढाँचा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् । | |
| ३. | प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको प्रतिवेदनले यस वर्षको आय रु.४५करोड ६६लाख र गत वर्षको मौज्दात रु. ४० लाख ४३ हजार समेत जम्मा रु. ४६ करोड ६ लाख ४३ हजार र कुल भुक्तानी रु. ४० करोड ६५ लाख ६६ हजार देखाई रु.५ करोड ४०लाख ६७ हजार मौज्दात देखिन्छ । | |
| ३.१. | गाँउपालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) ले देखाएको समग्र एकिकृत आय-व्यय विचको फरक सम्बन्धमा कारण र आधार सहित खुलासा गरेको छैन । | |
| ३.२. | जिम्मेवारी फरक परेको – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च | |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भएको रकम स्पष्ट देखिने गरी हिसाब राखे र जिम्मेवारी एकिन गर्नुपर्दछ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.५९ लाख ५८ हजार मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु.४० लाख ४३ हजार जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१९ लाख १५ हजार घटी जिम्मेवारी सरेको सम्वन्धमा यकिन गर्नुपर्ने देखिएको रु......... | १९१५००० |
| ३.३. | **बैंक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ । | |

| खाताको नाम | श्रेष्ता अनुसार बाँकी | बैंक अनुसार बाँकी | फरक (बैंक बढी) |
|---|---|---|---|
| आन्तरिक राजश्व खाता | ५२६०००६.२० | ५२६०००६.२० | ०.०० |
| चालु खर्च खाता जोर बर्ष | ५६६५३६४.१२ | १७४७१०१६.१२ | ११८०५६५२.०० |
| पूंजीगत खर्च खाता जोर बर्ष | ६१६६३९५.३२ | ८०९०२२९.५२ | १९२३८३४.२० |
| धरौटी खाता | २९८५८६२.०० | ३११०८६२.०० | १२५०००.०० |
| सचित कोष खाता | २४९४३३५८.१३ | ४७२२७६०६.६५ | २२२८४२४८.५२ |
| बाँडफँडबाट प्राप्त राजश्व खाता | ०.०० | ६१२५६३६.७२ | ६१२५६३६.७२ |
| विपद तथा प्रकोप विशेष कोष खाता | १०३९९२२३.७३ | १०३९९२२३.७३ | ०.०० |
| आन्तरिक अनुदान खाता | ०.०० | ४०२०००.०० | ४०२०००.०० |
| विविध खर्च खाता | ११७७१५.०० | १५८३२८४.०० | १४६५५६९.०० |
| विविध कोष खाता | १०००००.०० | १०००००.०० | ०.०० |
| विभाज्य कोष खाता | ७५०९४०.०० | ७५०९४०.०० | ०.०० |
| जम्मा | ५६३८८८६४.५० | १००५२०८०४.९४ | ४४१३१९४०.४४ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४. | आन्तरिक नियन्त्रण प्रणाली: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाँउपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १४ ऐन, ३ नियमावली, १८ कार्यविधि १ निर्देशिका र १ नर्म्स समेत ३६ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। | |

Scanned with CamScanner

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची ११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन । | |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनिय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | बजेट तथा कार्यक्रम | |
| ५. | बजेट पेश, पारित र अख्तियारीः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा २०७७/३/१० मा नीति तथा कार्यक्रम र बजेट पेश भई रु. ५० करोड ६४ लाख ४४ हजारको बजेट मिति २०७७/३/३० पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७/४/०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६. | बजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र गाँउपालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष गाँउसभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा गाँउपालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ । | |
| ७. | समन्वय :- गाँउपालिकाले आफ्नो बार्षिक कार्यक्रम प्रदेश र संघीय सरकार वा निकायलाई र संघीय सरकार प्रदेश सरकारका निकायबाट गाउँपालिका भित्र गरिने कार्यको जानकारी गाउँपालिकालाई गराई समन्वयात्मक किसिमले कार्य गर्ने संयन्त्रको विकास गर्नुपर्दछ । | |
| ८. | क्षेत्रगत बजेट गाँउपालिकाको क्षेत्रगत रुपमा कुल बजेट ५० करोड ६४ लाख ४४ हजार र खर्च ४० करोड २८ लाख १३ हजार को आधारमा समग्र रुपमा ७९.५४ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ । | |

| क स | क्षेत्रगत बजेट | बजेट | रकम | खर्च प्रतिशत |
| --- | --- | --- | --- | --- |
| १. | आर्थिक विकास | ३११७५००० | २३९७८९२० | ५.६ |
| २. | सामाजिक विकास | १०९०४४५०० | ९१८१७२१६.३४ | २२.८ |
| ३. | पूर्वाधार विकास | १३५२५६००० | ८६९४३६०९ | २१.५८ |
| ४. | वित्तिय व्यवथापन र सुशासन | ३०१७९००० | २८५५४४२३ | ७.१ |
| ५. | कार्यालय संचालन तथा प्रशासनिक | २००७८९८०० | १७१५१८८८२.३८ | ४२.५७ |
| | जम्मा | ५०६४४४३०० | ४०२८१३०५०.७२ | १०० |

| | | |
| --- | --- | --- |
| | उपर्युक्त विवरण अनुसार गाँउसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा २२.८ प्रतिशत, पूर्वाधार विकासमा २१.५८ प्रतिशत र वित्तिय व्यवस्थापन र सुशासनमा ७.१ प्रतिशत रहेको छ । आर्थिक विकास तर्फ ५.६ प्रतिशत मात्र रहेको देखियो ।अतः वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो । | |
| ९. | अनुदान प्राप्ति, खर्च र बाँकिको विवरणः- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५(१) मा संघीय संचित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएकव वित्तीय हस्तान्तरणको रकममध्ये सम्वन्धित आर्थिक वर्षभित्र खर्च नभइ जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान , समपूरक अनुदान र विशेष अनुदानको रकम सवही आर्थिक वर्षभित्र सम्वन्धित प्रदेश तथा स्थानीय तहले संघीइ संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले यस आ व मा | |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

विभिन्न शिर्षकमा रु. २६ करोड ३५ लाख ०८ हजार प्राप्त आयमा भएकोमा रु २४ करोड २४ लाख ५२ हजार खर्च भइ आ व को अन्तमा रु २ करोड १० लाख ५५ हजार बाँकी रकम मिति २०७८.०४.२८ मा केन्दिय तथा प्रदेश कोषमा फिर्ता पठाएको विवरण निम्नानुसार रहेको छ ।

| अनुदान प्रदान गरिएको निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघिय सकार | शसर्त | २०४७३०६२० | २०४५९२००० | १३८६२० |
| | विषेश | ८४९७४२१ | ८४९७४२१ | ०० |
| | अन्य | ०० | ०० | ०० |
| प्रदेश सरकार | शसर्त | ३४८२६००० | २७१८७००० | ७६३९००० |
| | विषेश | २१७६५५५ | २१७६५५५ | ०० |
| | समपुरक | १३२७७७५९ | ०० | १३२७७७५९ |
| | अन्य | ०० | ०० | ०० |
| | जम्मा | २६३५०८३५५ | २४२४५२९७६ | २१०५५३७९ |

१०. ठेक्का व्यवस्थापन सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यको आधारमा खरिद विधि निर्धारण गर्ने र प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ मा बजेट तथा कार्यक्रम तयार गर्दा लागत अनुमान तयार गर्ने ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गर्ने गरी व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष स्थानीय सडक तथा विभिन्न निर्माण कार्य नियममा व्यवस्था भए अनुसारको अवधिमा सम्पन्न नगरी तेस्रो चौमासिकमा ७ वटा ठेक्का आव्हान गरेको देखियो । निर्धारित समयमै ठेक्का वन्दोवस्त गर्नुपर्दछ ।

| कार्यक्रमको नाम | ठेक्का सम्झौता | | | | | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | अषाढ महिनाको मात्र | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| विभिन्न | ७ | ४२११४१५८ | ० | ० | ० | ० | ७ | ४२११४१५८ | - | - | ७ | ४२११४१५८ |

११. त्रैमासिक प्रगती विवरण पेश गर्ने:- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) मा प्रत्येक कार्यालयले बमोजिम अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी केन्द्रिय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले नियमानुसार त्रैमासिक प्रगती विवरण तयार गरी पेश गर्नुपर्दछ। गाँउपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ।

| सि.नं. | खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | सबै | १५१०१८ | १६४९ | १२९३२ | १२६४३४ | ७७११५ |

११.१. वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप त्रैमासिक व्यवस्थापन गरी अन्तिम समयमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१२. योजना र कार्यान्वयन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष संचालन भएक योजनाहरु देहायअनुसार छन्:



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | ५० हजार देखि १ लाख सम्म | ९४ | ८१७८००० |
| २ | १ लाख देखि ५ लाख सम्म | ६७ | ३०१५०००० |
| ३ | ५ लाख १० लाख सम्म | ११ | ७९००००० |
| ४ | १० लाख देखि ५० लाखसम्म | २० | ८१९४५००० |
| ५ | ५० लाख भन्दा माथि | ६ | ८००००००० |
| | जम्मा | १९८ | २०८१७३००० |

१३. लक्ष्य प्रगतिः गाँउपालिकाले यसवर्ष १६८ योजना संचालन गरेको प्रगति पेश गरेको छ । सो मध्ये गाँउपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरुको लागत अनुमान आर्थिक वर्षभित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन । अतः छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजना र सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया पारदर्शी बनाउनु पर्दछ ।

१४. कार्यक्रम परिवर्तनः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सिमा, कार्यक्रम र शिर्षक बाहिर खर्च गर्न नपाउने उल्लेख छ ।गाउँपालिका को बार्षिक स्वीकृत कार्यक्रम निम्नानुसार विभिन्न कार्यक्रमा परिवर्तन गरेको छ । एक पटक आवश्यकता महसुस गरी तर्जुमा गरेको कार्यक्रम आ. व. को अन्त्यमा परिवर्तन गर्ने कार्य उपर्युक्त देखिदै।सो परिवर्तनलाई गाँउसभाबाट अनुमोदन गरेको जनाएतापनि सो को प्रमाण पेश भएन ।

| क्र. सं. | प्रस्तावित कार्यक्रम/क्रियाकलाप | रकमान्तर हुने रकम | रकमान्तर गर्ने बजेट शीर्षक | जम्मा रकमान्तर |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक लक्षित कार्यक्रम सञ्चालन | २५००० | दलित कार्यक्रम | २५००० |
| २ | ढिकाडाँडा पिखुती सडक | २००००० | जुगु बेसी सिंचाई योजना | २००००० |
| | जम्मा | २२५००० | | २२५००० |

वडा नं. ३

| क्र.सं. | प्रस्तावित कार्यक्रम/क्रियाकलाप | रकमान्तर हुने रकम | रकमान्तर गर्ने बजेट शीर्षक | जम्मा रकमान्तर |
|---|---|---|---|---|
| १ | सर्सेपू आबि अनुदान | १२०००० | गुरुपदम आबि अनुदान | ७०००० |
| | | | चंडेश्वरी प्राबि अनुदान | ५०००० |
| २ | जलदेवि प्राबि अनुदान | १००००० | जनश्रमिक आधारभूत विद्यालय | १००००० |
| ३ | कृषि कार्यक्रम संचालनको लागि जिवनको साहारा कृषि सहकारी, सर्सेपू साना किसान कृषि सहकारी, बुध कृषि सहकारी, गौरीशंकर पशु तथा कृषि फर्म र महतारा कृषि सहकारी संस्थालाई एक/एक लाखको दरले अनुदान | ५००००० | कृषक तालिम /प्रोत्साहन/बिउ बिजन तथा कृषि औजार उपकरण वितरण तथा अन्य कृषि कार्यक्रम | ५००००० |
| ४ | साउने खानेपानी मर्मत | १००००० | माटो परीक्षण | १००००० |
| | जम्मा | ८२०००० | ० | ८२०००० |

वडा नं. ४

| क्र.सं. | प्रस्तावित कार्यक्रम/क्रियाकलाप | रकमान्तर हुने रकम | रकमान्तर गर्ने बजेट शीर्षक | जम्मा रकमान्तर |
|---|---|---|---|---|
| १ | सडक नियमित सरसफाई | १००००० | समपुरक कोष | १००००० |
| २ | डाँडाखर्क ठुलोढुंगा सडक | १००००० | लेख खर्क घाट घर निर्माण | १००००० |
| ३ | वडा कार्यालय व्यवस्थापन | १००००० | विद्युतीकरण कार्यक्रम | १००००० |
| ४ | कृषि कार्यक्रम | ५०००० | हाट बजार संचालन | १००००० |
| | | ५०००० | माने मर्मत तथा संरक्षण कार्यक्रम | |
| ५ | मानेडाँडा चिल्ड्रेन पार्क | १००००० | मानेडाँडा चौतारा निर्माण | १००००० |
| | जम्मा | ५००००० | ० | ५००००० |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

वडा नं. ५

| क.सं. | प्रस्तावित कार्यक्रम/क्रियाकलाप | रकमान्तर हुने रकम | रकमान्तर गर्ने बजेट शीर्षक | जम्मा रकमान्तर |
|---|---|---|---|---|
| १ | मस्दिङ गुम्बा रंगसाल छोलिङ गुम्बा | १००००० | सुरी भरी सडक मर्मत तथा स्तरोन्तती | ३००००० |
| २ | मेसेल खानेपानी | ८०००० | | |
| ३ | गोदिमडाँडा खानेपानी | ५०००० | | |
| ४ | नेवारु खानेपानी | ७०००० | | |
| ५ | सुरेल जाती पोषाक | ५०००० | विपद व्यवस्थापन | १००००० |
| ६ | दोफर खेल मैदान घेराबार जाली खरिद | ५०००० | | |
| ७ | लसेपू गैराबारी खानोपनी | १००००० | चिल्ड्रेन पार्क जग्गा सम्याउने तथा बृक्षारोपण कार्यक्रम | १००००० |
| | जम्मा | ५००००० | | ५००००० |

वडा नं. ६

| क.सं. | प्रस्तावित कार्यक्रम/क्रियाकलाप | रकमान्तर हुने रकम | रकमान्तर गर्ने बजेट शीर्षक | जम्मा रकमान्तर |
|---|---|---|---|---|
| १ | आरन सम्बन्धि सामान खरिद वितरण | १२०००० | युवा तथा बालबालिका जनजाती लोपन्मुख महिला तथा अन्य लक्षित समूहको कार्यक्रम सञ्चालन | ४००००० |
| २ | गौरीशंकर महिला सञ्जाल | १००००० | | |
| ३ | बालबालिका कार्यक्रम जन्तिपूर आवि | ८०००० | | |
| ४ | युवा तथा खेलकुद | १००००० | | |
| ५ | स्वास्थ्य कार्यक्रम | ५०००० | स्वास्थ्य घुम्ती शिविर | १३०००० |
| ६ | साङ छोलिङ गुम्वामा फर्निचर खरिद | ८०००० | | |
| ७ | विभिन्न ठाउँमा खानेपानी तथा सिंचाई पाइप खरिद | २५०००० | बगम्खोला बाखेधारी चंखु सिंचाई तथा खानेपानी नागदिङ चंखु | २५०००० |
| ८ | मौरीपालन प्रोत्साहन तथा घार निर्माण | १००००० | चौरी/बाखा पालन | ४००००० |
| ९ | बाखा पालक कृषकलाई प्रोत्साहन तथा उन्नत जातको बोका भेडा नस्ल सुधार | २००००० | | |
| १० | थ्रेसर मेसिन खरिद | १००००० | | |
| ११ | आर्थिक सहायता गापा | ५०००० | विपद व्यवस्थापन | ५०००० |
| | जम्मा | १२३०००० | ० | १२३०००० |

वडा नं. ७

| क.सं. | प्रस्तावित कार्यक्रम/क्रियाकलाप | रकमान्तर हुने रकम | रकमान्तर गर्ने बजेट शीर्षक | जम्मा रकमान्तर |
|---|---|---|---|---|
| १ | ग्याबनि जाली खरिद | २७०००० | कार्यक्रम खर्च २७०००० | ५७०००० |
| २ | हिमावर्ती माबि अनुदान | १००००० | पर्यटन प्रवद्धन २७०००० | |
| ३ | पानीको पाइप खरिद | २००००० | युवा तथा खेलकुद कार्यक्रम १००००० | |
| | जम्मा | ५७०००० | | ५७०००० |

वडा नं. ८

| क.सं. | प्रस्तावित कार्यक्रम/क्रियाकलाप | रकमान्तर हुने रकम | रकमान्तर गर्ने बजेट शीर्षक | जम्मा रकमान्तर |
|---|---|---|---|---|
| १ | विपद व्यवस्थापन (पूंजिगत खर्च गर्ने गरी ) | ७०००० | विद्युत पोल निर्माण तथा ढुवानी | ७०००० |
| | | ५०००० | तल्लो कसेरी देवी मन्दिर | ५०००० |

वडा नं. ९

| क.सं. | प्रस्तावित कार्यक्रम/क्रियाकलाप | रकमान्तर हुने रकम | रकमान्तर गर्ने बजेट शीर्षक | जम्मा रकमान्तर |
|---|---|---|---|---|
| १ | रोल्वालीङ्ग दालजुम टासी छोयलीङ गुम्बाको लागि ग्याबिन वाल, डायानीङ हाल र शौचालय निर्माण | १५००००० | रोल्वालीङ दालान्यम टाँसी छायोलीङ गुम्वा निर्माण सीवीगाँउ | १५००००० |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | २ | बिउको बोका खरिद | २५०००० | पर्यटन सम्बन्धि कार्यक्रम संचालन व्यवस्थापन गर्ने पर्यटन पथको निर्माण तथा ,गुगल म्याप मा पर्यटन पथ राखने तथा पर्यटन पथ मार्गमा इन्टरनेट जडान तथा ब्याबस्थापन गर्ने ,पर्यटन प्रबर्धन लाई टेवा पुग्ने गरि क्यालेन्डर प्रकासन गर्ने र पर्यटन सङ्ग सम्बन्धि विभिन्न कार्यक्रम संचालन गर्ने | २५०००० | |
| | | जम्मा | १७५०००० | | १७५०००० | |

१५. सेवा प्रवाहः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ।तोकिएका सेवा प्रावाह छिटो छरितो एवं पारदर्शी ढंगले उपलब्ध गराई सो को अभिलेख व्यवस्थित गर्नुपर्दछ। गाँउपालिकाले यस आर्थिक वर्षमा निम्नाअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| क्र.स | विवरण | संख्या |
|---|---|---|
| १. | नागरिकता सिफरिस | ३१० |
| २. | घरबाटो सिफारिस | ४० |
| ३. | नाता प्रमाणित | १६२ |
| ४. | जन्म मृत्यु दर्ता | ५६४ |
| ५. | अन्य | ८३७६ |

१६. प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। गाँउपालिकाले पेश गरेको स्वीकृत दरबन्दी र पदपुर्तिको विवरण अनुसार गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थायी तर्फ जना र आन्तरिक पदपूर्ति तर्फ जना समेत गरी जम्मा पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जिनियर सब इन्जिनियर स्वास्थ्यकर्मी पदहरु करारबाट पदपुर्ति भएको देखिन्छ।यस बर्ष विभिन्न सेवा समुहमा ५३ जना कर्मचारी प्रदेश लोकसेवा आयोगमा माग पठाई पदपुर्ती प्रकृया आगाडी बढाएको जनाएको छ।

१६.१. कर्मचारी करारः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ८९ पदहरुमध्ये ४७ पदहरुमा स्थायी पदपुर्ती भएको र ४२ जना कर्मचारीहरु करारमा राखी रु.१२९२००३९ खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले गाँउ प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्वर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेकको, सब



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ईन्जिनियर-१, असिटेण्ट सब ईन्जिनियर-१, कृषी अधिकृत-१, प्रा.स.-२, ना.प्रा.स.-१, कृषी अधिकृत-(लाईभस्टक) छैठौं-१ भेटेरिनरी स.पाँचौ(लाईभस्टक)-१, हेल्थ असिष्टेन्ट-५, स्टाफ नर्स १ ,अ. हे.व. ११, अ.न.मी. - १०, जना गरी ३५ जना करारमा नियुक्त गरी बर्षभरीमा रु. १२९२००३९ भुक्तानी गरेको छ। | |
| १६.२. | प्राविधिक कर्मचारी तर्फ ७ जना पद रिक्त रहेको देखियो जसले गर्दा गाँउपालिकाको सेवा प्रवाहमा असर पार्ने हुदा यथासिघ्र स्थायी पदपुर्ति गर्नुपर्दछ । | |
| १७. | उपदान कोषः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१.१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को नियम ९१.२ अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ प्रचलनमा आए पनि हालसम्म पनि २ जना कार्यरत स्थानीय स्थायी कर्मचारीको तलब भत्तामा १० प्रतिशत कट्टी गरी अवकास कोषमा जम्मा गरेको देखिएन। विभिन्न पदमा कार्यरत कर्मचारीको उल्लेखित ऐन अनुसार २०७४ कार्तिक देखि २०७८ आषाढ सम्म रकम कट्टी गरी रकम दाखिला गर्नुपर्ने देखिएको छ । स्थानीय सेवा ऐन तर्जुमा भैनसकेको, साविक स्थानीय तहबाट समायोजन भएका कर्मचारीहरुको सेवा शर्त सम्वन्धी स्पष्ट कानूनी व्यवस्था नभइसकेको कारण कट्टी नगरेको गाँउपालिकाले जनाएको छ । | |
| १८. | आन्तरिक लेखापरीक्षण स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाँउपालिकाले यस वर्षको सम्पुर्ण आर्थिक कारोबारको बार्षिक रुपमा आन्तरिक लेखापरिक्षण गरी प्रतिवेदन पेश गरेतापनि नियमानुसार चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १९. | सार्वजनिक सम्पत्ति व्यवस्थापन : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७६ को नियम २८ मा नगद जिन्सी दोखिला र लेखा सम्वन्धी व्यवस्था छ। नेपाल सरकार मन्त्री परिषद्को मिति २०७७/०७/२० को निर्णयानुसार सार्वजनिक सम्पत्तिको लेखाङ्कन, प्रतिवेदन र एकीकृत विवरण तयार गर्न नेपाल सरकार र प्रदेश सरकारका सबै कार्यालय तथा सबै स्थानीय तहमा आ.व. २०७७/७८ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लागु गरे पनि गाउँपालिकाले उक्त सफ्टवेर अनुसार जिन्सी तथा अन्य सार्वजनिक सम्पत्ति लेखाङ्कन र प्रतिवेदन गरेको देखिएन । नेपाल सरकारले तोकेबमोजिमको ढाँचा र सफ्टवेरमार्फ सार्वजनिक सम्पत्ति व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| २०. | विमा :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा भएको व्यवस्था अनुसार रु १० लाख भन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायी तथा कामको सुरक्षाको लागि निर्माण गरिने काम, कामदार, उपकरण र तेस्रो पक्ष को विमा गर्नुपर्ने व्यवस्था भएकोमा नमूना छनौटमा परेका योजनाहरु मध्ये केही योजना बाहेक अन्य कुनै पनि योजनमा विमा सम्बन्धी प्रावधान राखेको पाइएन। | |
| २१. | निर्माण कार्यः गाउँपालिकाको विवरण अनुसार कुल निर्माण कार्य मध्ये उपभोक्ता समिति र निर्माण व्यवसायीबाट भएको कार्य सम्बन्धी विवरण निम्नानुसार रहेको देखिन्छ। | |

| सि. नं. | कार्यक्रमको नाम | निर्माण कार्यमा भएको कुल खर्च | कुल खर्च मध्ये उ. स. बाट भएको रकम | निर्माण व्यवसायीबाट भएको कार्य |
|---|---|---|---|---|
| १ | सबै | १५१०१८२९२ | १०७५३३८५४.२२ | ४३४८४४३७.७८ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २२. | खर्च विश्लेषणः- पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.५२ लाख ६० हजार, राजस्व बाँडफाँडबाट रु.८ करोड ६२ लाख ३९ हजार र अनुदानबाट रु.३५ करोड ८९ लाख ३४ हजार | |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | र अन्य आयबाट रु. ६४ लाख ११ हजार र अन्य राजस्व ६४ लाख ७१ हजर र अन्य प्राप्ती ४९ लाख ५४ समेत रु.४५ करोड ६६ लाख आम्दानी भएकोमा चालु तर्फ रु. ४० करोड ६५ लाख ६६ हजार र पूँजिगत तर्फ रु.१५ करोड १० लाख १८ हजार र चालु तर्फ रु.२५ करोड १७ लाख ९४ हजार समेत रु. ४० करोड २८ लाख १३ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५२ लाख ६० हजार (१.३१) प्रतिशत रहेको छ ।यसबर्ष प्रशासनिक खर्च बापत रु.५ करोड ४२ लाख ६९ हजार खर्च भएको छ, जुन आन्तरिक आयको १० गुणा रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.५ प्रतिशत चालु र प्रतिशत ३३.५ पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । | |
| २३. | विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष विविधतर्फ रु. २१ लाख ०३ हजार खर्च गरेको देखिन्छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २४. | आर्थिक सहायताः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन।यस स्थानीय तहले जटिल रोग लागेका बिरामी तथा आगलागी तथा बाढीजन्य प्रकोपबाट पिडित विपन्न व्यक्तीहरुलाई आर्थिक सहयोग गरको भनि गाँउपालिकाले यस वर्ष रु. ५०२००० आर्थिक सहायता वितरण गरेको पाईयो। यसरी विभिन्न व्यक्ति तथा संस्थालाई सहायता प्रदान गर्दा निश्चित मापदण्ड एंव कार्यविधि बनाई सोका आधारमा मात्र सहायता प्रदान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| २५. | न्याय सम्पादनः- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाँउपालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। गाँउपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।समितिको कार्यलाई प्रभावकारी बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ। | |

| ग.ल्या | यस वर्ष थप | जम्मा | फछ्यौट संख्या | माथिल्लो निकायमा रिफर | मौज्दात |
|---|---|---|---|---|---|
| ० | १६ | १६ | १३ | ० | ३ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २६. | जिन्सी व्यवस्थापनः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाधी लगत अद्यावधिक गर्नु, गराउने व्यवस्था रहेको छ। गाँउपालिकालले जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा निरीक्षण प्रतिवेदनमा उल्लेख भएका, टुटफूट भएका सामानको मर्मत गर्नुपर्ने समायोजन भएका साविकका गाँ वि स हरुले खरिद सामानहरुको यथार्त अभिलेख राख्ने लगायतका सुझाव कार्यान्वियन गरी जिन्सी व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| २७. | निर्माण कार्यको लागत अनुमान :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) सार्वजनिक निर्माणको लागत अनुमान तथा तयार गर्दा गुणस्तर परीक्षण र विमा खर्चको लागि रकम व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ । नमूना छनौटमा परेको सम्झौता मध्ये तिन वटामा मात्र विमाको व्यवस्था गरेको पाइयो । गुणस्तर परीक्षणको लागि कुनै पनि योजनामा रकमको छुट्टै प्रवन्ध गरेको पाइएन । | |
| २८. | गुणस्तर नियन्त्रण र परीक्षण :- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९(२) र नियम ९७(३ख) तथा नियम ११७(४) मा भएको व्यवस्था अनुसार गुणस्तर परीक्षणको लागि लागत अनुमानमा रकम व्यवस्था गर्नुपर्ने , सुपरिवेक्षण र गुणस्तर नियन्त्रण गर्नुपर्ने एंव निर्माण गरिएको संरचनाको उपयुक्तताको परिक्षण गरी प्रमाणित नभए सम्म त्यस्तो कुनै पनि कार्य स्वीकार गर्न नहुने व्यवस्था छ । गाँउपालिकाबाट संचालित कुनै पनि योजनाको गुणस्तर आश्वस्तता योजना पेश नभएको एंव कुनै पनि योजनामा गुणस्तर परीक्षण गरेको प्रमाणहरु संलग्न नरहेकोले निर्माण भएका संरचनाहरु गुणस्तरीय छन् भन्न सक्ने अवस्था देखिएन । गाँउपालिकाले गुणस्तरिय कार्य गराउनेतर्फ विशेष | |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ध्यान दिनुपर्ने देखिन्छ । | |
| २९. | कन्टेन्जेन्सी खर्च :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियममा कुनै पनि योजनामा छुट्टाएको कन्टेन्जेन्सी रकम सम्वन्धीत योजनासँग समन्धित कार्यमा मात्र प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ। गाँउपालिकाले कन्टिन्जेन्सी अभिलेख अद्यावधिक गरेको छैन तसर्थ कन्टेन्जेन्सी रकम सम्वन्धित योजना बाहेक अन्य कार्यमा प्रयोग भए नभएको विष्लेषण गर्न सकिएन। यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ । | |
| ३०. | त्रुटी सच्चाउने अवधि :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार त्रुटी सच्चाउने अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा गाँउपालिकाले त्रुटि सच्चाउने अवधि बाँकी रहेको योजना अभिलेख तयार नगरेको एंव कार्य सम्पन्न भएकै आधारमा कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने गरेको देखिन्छ । अतः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ बमोजिम कार्यस्वीकार प्रतिवेदन तयार गरी त्रुटि संचाउने अवधि बाँकी रहेका योजनाको अभिलेख राखी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| ३१. | आन्तरिक आयः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार गाँउपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु.६६६०८५५.८ आम्दानी गरेको देखिन्छ । | |

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. |
|---|---|---|
| ११३१४ भुमिकर/मालपोत | ० | ९९,११९ |
| ११३२१ घरवहाल कर | ० | १,१०,०१० |
| १४२२४ परीक्षा शुल्क | ० | २२,२०० |
| १४२४३ सिफारिश दस्तुर | ६,०२,५०० | ४,३४,३०८ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ४,७०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ० | २०० |
| १४२४९ अन्य दस्तुर | ० | ५६,७२,२०९.८० |
| १४५२९ अन्य राजस्व | ० | ३,१८,१०९ |
| जम्मा आन्तरिक राजस्व | ६०२५०० | ६६६०८५५.८ |

आन्तरिक आय सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् ।

| | | |
|---|---|---|
| ३१.१. | गाँउपालिकाले विभिन्न शिर्षकमा अनुमानित राजस्व बापतको रकम प्रस्तुत नगरेको कारण आम्दानी र अनुमानित रकम बिच तुलना गर्न सकिएन। माथि प्रस्तुत गरिएको डाटामा सिफारिश दस्तुर रु.६०२५०० अनुमान गरिएको रु.४३४३०८ आम्दानी भएको छ। बाँकी शिर्षकमा पनि वास्तविक र यथार्थपरक राजस्व अनुमान गरी सो अनुमान बमोजिम राजस्व प्राप्त गर्न विशेष पहल गर्नु पर्दछ। | |
| ३१.२. | व्यवसाय करः- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । गाँउपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३१.३. | वडागत राजश्व : गाँउपालिकापालिको बिभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने र सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ । | |

| वडा नं. | राजश्व संकलन गर्न रसिद बुझिलिने | २०७८ असार मसान्तसम्म बैंक दाखिला |
|---|---|---|
| १ | सुबास केसी | ४२,११२ |
| २ | मिङ्मानुरी शेर्पा | १७,६६५ |
| ३ | फणिन्द्र बिसी | ५३,६६४ |

| दफा | भौ.नं., मिति र व्यहोरा | | | बेरुजू रकम |
|---|---|---|---|---|
| | ४ | सम्भू बस्याल | ९१,०४४ | |
| | ५ | सर्मिला बुढाथोकी | ८१,८५१ | |
| | ६ | सन्देश श्रेष्ठ/इश्वर श्रेष्ठ/सुस्मिता खतिवडा ढुंगाना | ४१,९०९ | |
| | ७ | इश्वर श्रेष्ठ | ६१,८०० | |
| | ८ | चन्द्रकला भण्डारी | ७६,५३९ | |
| | ९ | छविप्रकाश ओली | ४५,७४५।५० | |
| ३१.४. | **मनोरन्जन कर:** स्थानीय सरकार संचालन ऐन २०७५को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । गाँउपालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन। | | | |
| ३१.५. | **घर जग्गा बहाल कर:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा  अनुसार गाँउपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । गाँउपालिकाले घर जग्गा बहाल कर बापत यस वर्ष रु. १ लाख १० हजार उठाएको देखिन्छ। अनुमानित रकम प्रस्तुत नगरेको कारण  प्रभावकारी रुपमा उठे, नउठेको यकिन गर्न सकिएन। गाँउपालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (**HOUSEHOLD SURVEY**) गरी  तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ । | | | |
| ३२. | **राजश्व** अभिलेख: नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। गाँउपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप  फा नं २१३ को राजश्व अम्दानी बैंक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ। | | | |
| ३३. | **राजश्व परामर्श समिति:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी  आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा  अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने  लगायतका कार्यहरु उल्लेख छ।  राजश्व परामर्श समितिको बैठक वसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ। | | | |
| ३४. | **गिट्टी, ढुंगा, बालुवाको कर:** स्थानीय सरकार संचालन ऐन, २०७४ को साविक दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा बागमति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७६ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी व्यवस्था गरेको छ । बागमती प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा बापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी ढुंगा बालुवा | | | |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बिक्रि बापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँट गर्ने व्यबस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२(क) विपरित देखिन्छ । यस पालिकाले गिट्टी ढुंगा वालुवा बिक्रिबाट यसबर्ष रु. ७ लाख ५० हजार राजस्व प्राप्त राजस्व बाँडफाँट खातामा रहेको छ। गिट्टी ढुंगा वालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एवं सो राजस्व सङ्कलन गर्दा पर्ने वातवरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँट सम्बन्धी कानुन तर्जूमा गर्दा सो विषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँट गर्नुपर्दछ । | |
| | **गाँउपालिका पुँजिगत** | |
| ३५. | उपभोक्ता समितिः गाँउपालिकाले उपभोक्ता समितिबाट गराएका काम मध्ये लेखापरीक्षणको क्रममा छनौट छनौट परेका योजनाको परीक्षण गर्दा सार्वजनिक खरीद ऐन, २०६३ को दफा ४४ मा उल्लेख भएका विषय सम्झौता गर्दा स्पष्ट नगरेको , सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरित जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरिएका अधिकांश विल भरपाई प्रमाणित नगरेको, विवरण पूर्ण रुपमा नभरिएको, सहि छाप नभएको अवस्था देखिएको छ ।त्यस्तै नियमावलीको नियम १२५.२ अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने, नियम ११५.१ अनुसार गुणस्तर परीक्षण गर्ने गराउने गरेको पाइएन साथै समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवं निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने कार्यमा सुधार गर्नुपर्ने देखिएको छ । | |
| ३५.१. | उपभोक्ता समिति मू अ कर :- उपभोक्ता समितिलाई मु.अ. कर भुक्तानी दिदा कामको परिमाण र कर विजक भिडान गरी बास्तविक तिरेको रकमभन्दा बढी नहुने गरी भुक्तानी दिने व्यवस्था गरेको पाईएन । | |
| ३५.२. | पुनः प्रयोग :- कतिपय पुराना संरचना भत्काई नँया संरचना निर्माण गर्दा पुनः प्रयोग हुन सक्ने सामाग्रीको अभिलेख राखी पुन प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्ने वा सो को अन्य प्रयोजनमा उपयोग गर्ने व्यवस्था गरेको पाईएन । | |
| ३६. | जटिल कार्य तथा हेभिमेशिन प्रयोग गरिएकाः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई जटिल प्रकृतिको कार्य तथा हेभी मेशिनको प्रयोग गर्नुपर्ने कार्य नगराउने व्यवस्था रहेकोमा गाँउपालिकाले उपभोक्ता समितिबाट निम्नानुसारको जटिल तथा हेभी मेशीनको प्रयोग हुने कार्य गरेको छ । आगामि दिनमा यस प्रकारको कार्यमा नियन्त्रण एवं सुधार गर्नुपर्दछ । | |

| भौ.नं./मिति | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम | जटिल काम | हेवि मेशिनको प्रयोग (विल रु.) |
|---|---|---|---|---|---|
| ११/७७/६/२९ | जामुने केशरी छेसारबारे थम्बु सडक | ११६८५०५.८८ | १०५०००० | - | ११७००५८.५ |
| ३१/७७/८/२५ | मार्दु ग्रामिण सडक सरसफाइ | ५५२५०६.७७ | ५००००० | - | ५५००२७.५ |
| ३६/७७/९/१ | चमार चङ्खु हुलाक नाङ्दिङ् सडक | ११५८७२१.०३ | १०००००० | - | ६९३६८९ |
| १३५/७७/१२/२ | रङ्साङ छोलिङ गुम्बा निर्माण | ६७४८७४.८६ | ६००००० | जटिल | - |
| १३९/७७/१२/२ | सर्सेपु आ. वि. ग्राउन्ड सम्याउने | ५५३९६०.६६ | ५००००० | - | ४३८०९९.१ |
| १७८/७७/१२/९ | रशाम डाँडा पालटुक ठुलो ढुङ्गा सडक | ५५१०७०.६३ | ५००००० | - | प्रयोग भएको |
| १९५/७७/१२/२० | यार्जङ्ग गुम्बा निर्माण | ५५१२७७.५१ | ५००००० | जटिल काम | - |
| २१०/७८/१/६ | सुरी भरी सडक मर्मत तथा स्तरोन्नती | ६६०१८७.६८ | ६००००० | - | ४९६४८८.५ |
| २२९/७८/१/७ | गोमटा नागदिङ सडक | ६६७११६.०८ | ६००००० | - | ३८१९०६ |
| ४४९/७८/३/३० | वडा कार्यालय भवन | ३८५७०५५.५ | ३५००००० | जटिल काम | - |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निर्माण ३ भएको | |
| ३७. | स्थानीय दर रेटः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले यस आ व को लागि कुनै स्थानीय दररेट नतोकिकनै आर्थिक वर्ष ०७४।०७५ कार्यपालिका निर्णयबाट स्वीकृत भएको पालिका अन्तर्गत विभिन्न स्थानमा जिल्ला दर रेटमा ढुवानी खर्च थप गरी लागत अनुमान तयार गरी सोही आधारमा रकम भुक्तानी गर्ने गरेको देखियो । यसरी स्थानीय तहको बास्तविक दर रेट कायम गरी खर्च लेखुपर्नेमा विगत वर्षमा गरेको निर्णयको आधारमा थप रकम थपी लागत अनुमान तयार गर्ने काम मितव्ययी देखिएन । | |
| ३८. | ग्याविन जाली खरिदः- सार्वजनिक खरिद नियमावली २०६४ नियम १२५ अनुसार सार्वजनिक निकायले कार्यसम्पन्न को आधारमा भुक्तानी गर्नुपर्दे व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसारको ग्याविङ्ग जाली खरिद गरेको भनी भुक्तानी गरेको छ ।खरिद भएका जालीको वितरण भरपाई तथा जाली भर्ने कार्यको कार्यसम्पन्न प्रतिवेदन समेत प्राप्त भएको छैन | |

| गो. भौ./ मिति | खरिद साईज | संख्या | दर | रकम |
|---|---|---|---|---|
| ४२४/७८/३/१८ | २•१•१<br>१.५•१•१ | ४९५<br>३४६.५ | २८४.०७१<br>२८४.०७१ | १४०६१४.६५<br>९८४३०.५३ |
| | | | जम्मा | २७०१२१ |

गाउँपालिका चालु

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३९. | खरिद सोझै :- सार्वजनिक खरिद नियमावली २०६४ नियम ३१(१) अनुसार सार्वजनिक निकायले बीस लाख भन्दा बढी लागत अनुमान भएको मालसामान खरीद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले निम्न भौ नं/मितिबाट फर्निचर, कार्यालय सामान लगायत खुल्लादरभाउपत्रको आधारमा खरिद गरेको छ ।गाँउपालिकाले वार्षिक आवस्यकता पहिचान गरी खरिदको योजना बनाई नियममा व्यवस्था भए बमोजिम खरिद प्रकृया अपनाई मालसामान खरिद गर्नुपर्नेमा खुल्ला दरभाउपत्रबाट खरिद गरेको रु. | ५२१७५३० |

| भौनं. /मिति | सामनको विवरण | भुक्तानी पाउने फर्मको नाम | रकम |
|---|---|---|---|
| १२६१/७८/३/१९ | मसलन्द तथा कार्यालय सामान | ऐश्वर्या स्टेशनरी ऐण्ड सप्लायर्स | २३८४३० |
| १२७८/७८/३/१९ | मसलन्द तथा कार्यालय सामान | बि एण्ड बी ट्रेड एण्ड सप्लायर्स | १९९०३३ |
| १२९३/७८/३/२० | मसलन्द तथा कार्यालय सामान | ऐश्वर्या स्टेशनरी ऐण्ड सप्लायर्स | १५२५४० |
| ५७७/७७/१०/१५ | मसलन्द तथा कार्यालय सामान | ऐश्वर्या स्टेशनरी ऐण्ड सप्लायर्स | १११६३३ |
| ७२२/७८/१२/११ | मसलन्द तथा कार्यालय सामान | ऐश्वर्या स्टेशनरी ऐण्ड सप्लायर्स | ३४०५८२ |
| ७२४/७७/१२/११ | मसलन्द तथा कार्यालय सामान | कोहिनुर ट्रेडर्स | ८०११५ |
| १२७६/७८/३/१९ | मसलन्द तथा कार्यालय सामान | कोहिनुर ट्रेडर्स | २१९५२५ |
| ५७५/७७/१०&१५ | मसलन्द तथा कार्यालय सामान | माहालक्ष्मी ट्रेडर्स | ४५६६३३ |
| १२९५/७८/३/१९ | मसलन्द तथा कार्यालय सामान | माहालक्ष्मी ट्रेडर्स | १२९२७७ |
| ३७३/७७/९/५ | मसलन्द तथा कार्यालय सामान | मानन्धर ट्रेच कन्सर्न | २९३२३५ |
| ३७६/७७/९/५ | मसलन्द तथा कार्यालय सामान | बि एण्ड बी ट्रेड एण्ड सप्लायर्स | १०५९३८ |
| ३७८/७७/९/५ | कार्पेट पर्दा | खहरे खोला ईन्टरप्राईजेज | ४६२०७१ |
| ३८०/७७/९/५ | फर्निचर | जि. एस. पि. ईन्टरप्राईजेज | ९८३१० |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | ३८४/७७/९/५ | फर्निचर | सि. एन. ईन्टरप्राईजेज | ४११२०७ | |
| | ३७७/७७/९/९ | फर्निचर | जि. एस. पि. ईन्टरप्राईजेज | १८२७२१ | |
| | ५७३/७७/१०/१५ | मसलन्द तथा कार्यालय सामान | कोहिनुर ट्रेडर्स | २४०२१५ | |
| | १८२/७७/६/६ | छपाई सामग्री | वर्ल्ड वाईड अफसेट प्रेस | १४६९०० | |
| | १८६/७७/६/६ | छपाई सामग्री | एम. एस. प्रिन्टिङ्ग प्रेस | ४७४६०० | |
| | ७६८/७७/१२/२० | छपाई सामग्री | वर्ल्ड वाईड अफसेट प्रेस | १९४३६० | |
| | ७७०/७७/१२/२० | छपाई सामग्री | एस. बि. प्रिन्टर्स | ३६२८७७ | |
| | १२९७/७८/३/१९ | छपाई सामग्री | वर्ल्ड वाईड अफसेट प्रेस | ३३०००० | |
| | १३०१/७८/३/१९ | छपाई सामग्री | वर्ल्ड वाईड अफसेट प्रेस | ४४९३९९ | |
| | | | | ५६७९६०१ | |

४०. बैठक भत्ता: अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका २०७५ को बुदा नं ७.१.१ मा बैठक भत्ता प्राप्त गर्नको लागि बैठकको स्पष्ट विषयवस्तु वा कार्ययोजना हुनुपर्ने, कार्यालय समय भन्दा अघि वा पछि हुनुपर्ने, एकै निकाय वा अन्तर्गतका पदाधिकारी मात्र उपस्थिति रहेको बैठक हुन नहुने, कानून अनुसार गठित समितिको बैठक हुनुपर्ने तथा आमन्त्रित रुपमा सदस्य राख्न नहुने तर विशेषज्ञता आवश्यक पर्ने बैठकमा ३ जना सम्म आमन्त्रित भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा नं ७३(६) मा प्रमूख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले माथि उल्लेखित निर्देशिका बमोजिम बाहेकको बैठकहरुमा समेत स्थानीय सरकार संचालन ऐनको २०७४ को दफा ७४(६) बमोजिम बैठक भत्ता मितव्ययिता सम्वन्धि कुनै कानूनी व्यवस्था नगरी भत्ता वितरण गरेको हुदा यस प्रकारको बैठक भत्ता वितरण कार्यलाई नियमित र मितव्ययी मान्न सकिएन । अतः कार्यालयले बैठक लगायत अन्य भत्ता वितरण कार्यमा मितव्ययिता कायम गर्नुपर्दछ।

| गो. भौ./मिति | बैठक समिति | विवरण | रकम ( करकट्टीपछी |
|---|---|---|---|
| १४९/७७/६/६ | का.स. मु. समिति ( कार्य सम्पादन मुल्याङ्कन ) | २ बैठक ६ जना १५०० | १५३०० |
| १६६/७७/६/६ | का.स. मु. समिति (पाँचौ र छैठौ तहका कर्मचारीको ) | २ बैठक ९ जना १५०० | २०४०० |
| ४२७/७७/९/१५ | लेखापरिक्षण समिति ( विधालयको लेखा परिक्षक छनौट) | | १९१२५ |
| ४३१/७७/९/१६ | समिति बोलपत्र मुल्याकन ठेक्का बन्दोबस्त | ६ बैठक ६जना १५०० | ४५९०० |
| ४८०/७७(६२६ | बैठक भत्ता ( उधम सहजकर्ता नियुक्ती) | | ४६५०० |
| ५६२/७७/१०/१५ | बोलपत्र मूल्याङ्कन समिति | ६ बैठक ८ जना १५०० | ४८४५० |
| ५६६।०७७।१०।१५ | बोलपत्र मूल्याङ्कन समिति | ६ बैठक ८ जना १५०० | ४८४५० |
| ७०३/०७७/१२/११ | बोलपत्र मूल्याङ्कन समिति | १० जना | ५१००० |
| ७०५/०७७/१२/११ | बोलपत्र मूल्याङ्कन समिति | - | ४८४५० |
| | | जम्मा | ३४३५७५ |

४१. राहत वितरण:- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) अनुसार विल भर्पाई सहित लेखा राखुपर्ने व्यवस्था रहेको छ।कार्यालयले राहत सामग्री वितरण गर्दा विपद् व्यवस्थापन समितिको निर्णय र पिडित व्यक्तिको निवेदनको आधारमा आवश्यकता पहिचान गरी राहत वितरण कार्य गरी राहत वितरण कार्यलाई प्रभावकारी बनाउनु पर्दछ जसका केही उदाहरण निम्नानुसार छन्।

४१.१. पालिकाले विपद पुर्व तयारी खोज उद्धार तथा व्यवस्थापन कार्यकक्रमबाट ६ जन पिडित परिवारलाई ग्यास चुलो र राहतका सामग्री वितरण गरेको भनी गो. भौ नं. ११२४/७८/३/१३ बाट १००००० भुक्तानी भएको छ। बिपद् व्यवस्थापन समितिको सिफारिस संलग्न नभएकोले राहत



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वितरण कार्य प्रभावकारी भयो भनेर विश्वस्थ हुने आधार भएन। राहत वितरण व्यवस्थालाई विपद् व्यवस्थापन समितिको सिफारिसको आधारमा वितरण गर्ने प्रकृयाको विकास गर्नुपर्दछ। | |
| ४१.२. | कार्यालयले २०० थान त्रिपाल खरिद गरेको भनि महालक्ष्मी ट्रेडर्सलाई गो भौ नं १२९५।०७८।३।१९ बाट रु ४४९३९९ खर्च गरेको छ । त्रिपाल वितरणका लागि विपत् व्यवस्थापन समितिको सिफारिसको आधारमा वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु | ४४९३९९ |
| ४२. | मेस जाली वितरण : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) अनुसार विल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले विपद् व्यवस्थापन कार्यको लागी गौरी शंकर हार्डवेयर सेन्टरबाट मेशिनमेड जाली २.१.१ को जाली ७८१ स्कावयर मिटर र १.५.१.१ को जाली ६०७ स्क्वायर मिटर खरिद गरी गो भौ नं ११२४।०७८।३।१३ बाट रु ४४५००० खर्च भएकोमा उक्त जाली भरेको कार्यसम्मपन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | ४४५००० |
| ४३. | विद्यालय अनुदान : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थनिय तहले आफु मातहातका निकायको आर्थिक तथा भौतिक प्रागतिकोलागि दिर्घकालिन योजना तर्जुमा गरी सोहि अनुरुप खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकाले विद्यालयको भौतिक पूर्वाधार सुधारको लागि भन्दा पनि चालू प्रकृतिको बाल विकास कक्षा सहयोगी केन्द्र तथा कोचिङ् कक्षा सहयोगी तथा बिद्यालयलाई कोचिङ्ग कक्षा सहयोग वापता गो. भौ नं. १२२२/७८/३/१८ बाट दिव्यश्वरी आ. वि. लाई रु.५५०००, चण्डौश्वरी प्रा.वि. लाई ५०००० र हलेशी मा. वि. लाई कोचिङ्ग कक्षा सण्चालन वापत गो.भौ नं. ६१३/७७/१२/३ बाट २५०००० गरी कुल ३५५००० खर्च गरेको छ।ऐनको मर्मबमोजिम स्थानिय निकायले आफु मातहतका निकायको भौतिक तथा वित्तिय प्रगतिको लागि दिर्घकालिन योजना तयार गरी पुँजिगत शिर्सकमा खर्च बढाउनुको सट्टा चालु प्रकृतिको कार्यमा बढाउनु नियमसंगत देखिएन अतः कार्यालयले यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ। | |
| ४४. | अक्सिजन सिलिन्डर खरिद : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ बमोजिम सार्वजनिक निकायले आफ्नो आवशयकताको पहिचान बमोजिम बार्षिक खरिद योजना तयार गरि सोही अनुसार खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले कोभिड नियन्त्रणको लागि अक्सिजन सिलिन्डर र रेगुलेटर खरिद गरी गो भौ नं १२९१।०७८।३।१९ बाट रु ५२५००० खर्च गरेको छ । उक्त सामानहरु प्रयोग विहिन अवस्था मा रहेको हुँदा गाउँपालिकाले आवश्यकता पहिचान गरी खरिद कार्यका साथै खरिद सामग्रीको उपयोग गरिनुपर्दछ। | |
| ४५. | अपरेटर भत्ताः- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) अनुसार विल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले चालक विक्रम सिवाकोटी र सह चालक राजकुमार खड्कालाई चंखु च्याजी सडकमा १५० घण्टा स्काभेटर अपरेट वापत चालकलाई रु. २०० प्रतिघण्टा र सहचालकलाई प्रतिघण्टा १५० का दरले माथीउल्लेखितसडकमा१५० घण्टा काम गरेको भनी लग सिट वेगर गो. भौ. न. १२४७/७८/३/१९ बाट रु. ४५००० भुक्तनी भएको छ। कार्य गरेको प्रमाण पेश गर्नुपर्ने रु.. | ४५००० |
| ४६. | अनुगमन भत्ता : पदाधिकारी सेवा सुविधा सम्वन्धी ऐन २०७५ को दफा ७(१) मा पदाधिकारी तथा कर्मचारीलाई आफ्नो कार्यक्षेत्र भित्र कामको शिससिलामा अनुमगन गरे बापत भत्ता प्राप्त गर्ने व्यवस्था गरेको देखिदैन ।पालिकाले पालिका भित्र विभिन्न योजनाहरु अनुमगन गरेको भनी गो भौ नं १२५७।०७८।३।१९ बाट रु १८३७५० अनुगमन भत्ता वितरण गरेको छ । नियम बेगर भुक्तानी गरी पालिकालाई थप व्ययभार परेको हुदा नियमानुसार खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ । | |
| ४७. | न्यायिक समिति भत्ता : न्यायिक समितिका निर्वाचित ३ पदाधिकारीलाई मात्र न्यायिक समिति बैठक भत्ता वितरण गर्न सक्ने कानूनी व्यवस्था रहेको छ । गाउँपालिले न्यायिक समितिको बैठक १४ पटक बसेको भनी रकम गो भौ नं १३१३।३।१९ बाट रु. खर्च गर्दा निम्नानुसार खर्च देखियो । | |
| ४७.१. | स्थानीय पदाधिकारी सेवा सुविधा सम्वन्धी कार्यविधि २०७५ अनुसार न्यायिक समिति बैठकमा ३ जना निर्वाचित पदाधिकारीले मात्र बैठक भत्ता पाउने व्यवस्था रहेकोमा समितिको कार्यमा सहजिकरण गर्न भनी निर्वाचित पदाधिकारी बाहेकको व्यक्तिलाई १४ वटा बैठकको रु.१००० का दरले | ११९०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भूक्तानी दिएकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्ने करबाहेकको रु. | |
| ४७.२. | न्यायिक समितिको अध्यक्ष २ वटा बैठकमा उपस्थित हाजिरी नदेखिएकोमा भूक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | २००० |
| ४८. | **पदाधिकारी दैनिक भ्रमण भत्ता:** बागमती प्रदेश द्वारा जारी गरिएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा, सुविधा सम्बन्धी ऐन, २०७५ दोस्रो संसोधनको दफा ७(१) अनुसार स्थानीय तहका पदाधिकारी तथा सदस्यले आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गएको बखत मात्र दैनिक भ्रमण भत्ता प्राप्त गर्न सक्ने कानूनी व्यवस्था रहको छ। पालिकाले गो.भौ.नं.१३९/२०७८/०३/२० बाट पालिकाको विभिन्न स्थानको भ्रमण गरेको भनि १२ जना पदाधिकारी तथा सदस्यलाई रू.३११५०० भूक्तानी गरेको छ। अतः नियम विपरीत भूक्तानी गरेको रकम रु. | ३११५०० |
| ४९. | **अनुदान:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७, ८) मा सार्वजनिक निकायले आफूलाई प्राप्त भएको रकम आफ्नो आय-व्यय विवरणमा समावेश गरी सोको प्रतिवेदन सम्बन्धित अनुदान प्रदान गर्ने निकायमा पठाउनुपर्ने व्यवस्था रहेको छ।पालिकाले गो.भौ.नं.१४२४-०७८।०३।२३ बाट कोभिड अस्पताल सिंगटीलाई रु.१००००० अनुदान सहयोग प्रदान गरेकोमा हालसम्म पनि उक्त संस्थाबाट अनुदान प्रदान गरेको रकमको खर्च सम्बन्धि कागजात तथा प्रतिवेदन प्राप्त नभएको हुदा सोको अनुदानको सदुपयोग भएको सम्बन्धमा यकिन गर्न सकिएन। अतः उक्त रकम खर्च सम्बन्धमा प्रतिवेदन माग गरी पेश गर्नुपर्ने रु. | १००००० |
| ५०. | **मौरीपालन:-** साझेदारी कृषी कार्यक्रम निर्देशिका २०७७ अनुसार कार्यालयले यस प्रकारका कार्यक्रम ञ्चालन गर्नुपुर्व ईच्छुक कृषक समुहबाट प्रस्ताव माग गर्ने र उत्कृष्ट प्रस्ताव पेश गर्ने समुहलाई छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले सुर्योदय मौरीपालन कृषक समुदायलाई साझेदारी कार्यक्रम अन्तर्गत रु. २४००००० को लागत ईस्टिमेट गरी गोङ भौ नं. १२३०/७८/३/१८ बाट सूर्योदय मौरी पालन कृषक समूहलाई रु. १२००००० अनुदान भुक्तानी भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन्। | |
| ५०.१. | नियमाअनुसार कार्यालयले विभिन्न ईच्छुक कृषक समुहको प्रस्ताव माग गरी उत्कृष्ट प्रस्तावदातालई अनुदान उपलब्ध गराउनु पर्नेमा प्रस्ताव आव्हान गरेको जनाएतापनि सो को प्रमाण पेश भएको छैन । | |
| ५०.२. | सुर्योदय मौरीपालन कृषक समुहकै अध्यक्ष रहेका व्यक्तीले आफ्नै सुरी मौरीपालन तथा घार उद्योगबाट खरिद गरी प्रती घार १०००० का दरले १२० घार मौरीको रु. १२००००० भुक्तानी गरेको छ। प्रतिघार रु. १०००० का दरले भुक्तानी भएकोमा सो को आधार पेश नभएको , दुवै संस्थाको प्रोपराईटर र अध्यक्ष एउटै व्यक्ती रहेको फर्मबाट मौरी किनेको भनी भुक्तानी गरेको छ । अत अनुदान रकमको सही सदुपयोग भएको एकिन गर्न पालिकाले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु. | १२००००० |
| ५१. | अन्य निकायको खर्च :- स्थानीय तहले अन्य निकायको खर्चको भुक्तानी गर्नेबारे कानुनमा कुनै व्यवस्था छैन । गाउँपालिका चालू भौ.नं ८९५/२०७८.०२.०३ गते जिल्ला प्रहरी कार्यालय, दोलखाको स्कर्पियो गाडी मर्मत खर्च वापत एन.बि. आर. सप्लायर्स प्रालीलाई रु १,५०,००० भुक्तानी गरेको नियमित मान्न सकिएन । तसर्थ यस्तो प्रकारको खर्च नियन्त्रण गर्नुपर्दछ । | |
| ५२. | **भत्ता बढी भुक्तानी:-** छवि प्रकाश ओलीलाई गो. भौ. नं. २२८/७७/६/२६ बाट स्थानिय भत्ता छुट भएको (साउन र भाद्रको) को भुक्तानी दिंदा अगाडी भएको भुक्तानी भएको रु १७७४ नघटाई भुक्तानीले बढी भुक्तानी भएको रु.१७७४ असुल गर्नुपर्ने रु | १७७४ |
| ५३. | सहायता- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानिय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन। पालिकाले निम्न संस्थालाई आर्थिक सहायता प्रदान गरी खर्च लेखेको छ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| ३०१/७७/८/१६ | दोलाङ्ग खोला जलविद्युत आयोजना | गत बर्षको भुक्तानी | १००००० |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | | | बेरुजू रकम |
|---|---|---|---|---|
| | ६५१/७७/१२/३ | नेपाल तेक्वान्डो कराँते महासंघ | Winter Camp संचालन | १००००० |

५४. **प्रमाण कागजात :-** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली २०७७ को निमय ३९(१०) विल प्रमाण कागजात अनुसार खर्च लेखुपर्ने व्यवस्था रहेको छ ।यस पालिकाले गो. भौ. नं. ४८३/७७/९/२६- बाट पर्यटन प्रवर्द्धन विकास कार्यक्रम रोलवालिङ्ग ट्रेकिङ्ग पदमार्ग अध्ययन तथा प्रवर्द्धन समितिलाई रु.२००००० भुक्तानी गरेको छ।पालिकाले प्रस्ताव अनुसार कार्यक्रम संचालन सम्बन्धमा गरे, नगरेको सम्बन्धमा कार्यसम्पन्न भएको प्रतिवेदनका साथै अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्ने रु. — २०००००

५५. **वितरणमुखी खर्चः-** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले यथार्थपरक र दिर्घकालिन योजना तर्जुमा गरी पूँजिगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्ने व्यवस्था गरेको स्थानिय तहले दिर्घकालिन योजना तर्जुमा गरिकन पूँजिगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्नेमा सो गरेको पाईएन। अतः पालिकाले वितरणमुखी चालु प्रकृतिक खर्चमा नियन्त्रण गरी लक्षीत वर्गको जिवनयापनमा सकारात्मक प्रभाव पारे नपारेको एकिन गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।

| सि. नं. | गो.भौ. /मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ४६८/७७/९/२० | जनजाती उत्थान लक्षित कार्यक्रम (प्लाष्टिक कुर्ची खरिद) | ५०००० |
| २ | ४८८/७७/९/२ | दलित उत्थान कार्यक्रम खोरदेवी दलित समुह(पंचेबाजा खरिद गरी हस्तान्तरण) | १००००० |
| ३ | ६७८/७७/१२/३ | विश्वकर्मा दलित समुहलाई ( ईलेक्ट्रोनिक अजार खरिद गरी वितरण) | ५०००० |
| ४ | ७८३/७७१/१२/ | जनजाती उत्थान कार्यक्रम ( जिरेल घाटघर निर्माण) | ७५००० |
| ५ | ७३०/७७/१२/१६ | दलित लक्षीत कार्यक्रम ( समितिलाई भाँडाकुँडा खरिद गरिएको) | ५०००० |
| ६ | ११०७/७७/३/१० | दलित समुह दलित उत्थान कार्यक्रम | ७५००० |
| | | जम्मा | ४००००० |

५६. **अनुदानको अनुगमनः-** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न किवि तथा चौरी गाई पकेट क्षेत्रमा खर्च लेखेका छ । तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

५६.१. **कृषि अनुदानः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(७, ८) सार्वजनिक निकायले अनुदान रकमको सहि सदुपयोग भए नभएको कार्यक्रमको प्रस्ताव तथा कार्यविधि अनुसार कार्य भए नभएको एकिन गरि प्रतिवेदन पेश गर्नुपर्दछ ।

| सि.नं. | बजेट शिर्षक | अनुदान प्रकार | अनुदान पाउने संस्था | कुल कार्य सम्पन्न | अनुदान |
|---|---|---|---|---|---|
| १. | गाउँपालिका | साझेदारी | हिमचुली वहुउद्देश्यीय सहकारी जुगु -१ | ८००००० | ५००००० |
| २. | संघ | साझेदारी | हिमचुली वहुउद्देश्यीय सकहाकारी जुगु -१ | २०००००० | १०००००० |
| ३. | गाउँपालिका | साझेदारी | प्रगतिशिल वहुउद्देश्यीय सहकारी जुगु -२ | ८००००० | ५००००० |
| ४. | गाउँपालिका | साझेदारी | महतारा कृषि तथा पशुपन्क्षी फार्म झ्याकु -३ | ८००००० | ५००००० |
| ५. | गाउँपालिका | साझेदारी | प्रनिश कृषि तथा पशुपंक्षी फार्म | २००००० | १२५००० |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | गाउँपालिका | साझेदारी | गौरीमाता दुधडेरी | २००००० | १२५००० |
| ७. | गाउँपालिका | साझेदारी | लालीगुराँस कृषि तथा पशुपंक्षी फार्म | २४०००० | १५०००० |
| ८. | गाउँपालिका | साझेदारी | च्यामलोमा कृषि तथा पशुपंक्षी फार्म | १६०००० | १००००० |
| ९. | संघ | साझेदारी | हिमालयन कृषि तथा च्याउ खेती समूह | २४००००० | १२००००० |
| १०. | गाउँपालिका | साझेदारी | नमूना कृषि तथा पशुपंक्षी फार्म | ८००००० | ५००००० |
| ११. | संघ | साझेदारी | लालीगुराँस मौरीपालन कृषक समूह | २४००००० | १२००००० |
| १२. | प्रदेश | साझेदारी | चेर्दुङ्गेश्वर चौरीपालक कृषक समूह | १०००००० | ५००००० |
| १३. | PMAMP | साझेदारी | चुनेथार्वालिङ बाख्रा फार्म | १५००००० | ७५०००० |
| १४. | PMAMP | साझेदारी | चंखु बहुउद्देश्यीय सहकारी | १५००००० | ७५०००० |
| १५. | गाउँपालिका | साझेदारी | सप्तक कृषक चौरीपालक समूह | ८००००० | ५००००० |
| १६. | संघ | साझेदारी | टासीनाम चौरीपालन समूह | २०००००० | १०००००० |
| १७. | गाउँपालिका | साझेदारी | भूमेथान कृषक समूह | ८००००० | ५००००० |
| १८. | गाउँपालिका | साझेदारी | सिमिगाउँ बाख्रापालक कृषक समूअ | ८००००० | ५००००० |
| १९. | प्रदेश | - | गाउँपालिका डिजिटल मोबाईल माटो ल्याब | ५००००० | ५००००० |
| २०. | संघ | साझेदारी | नगदेबाली बहुउद्देश्यीय कृषि तथा पशुपंक्षी फार्म | ४००००० | २००००० |
| २१. | गाउँपालिका | साझेदारी | सल्लेदेवीथान कृषि तथा बाख्रापालन, फार्म,गौरीशंकर पशुपंक्षी फार्म, नगदेबाली कृषि तथा पशुपंक्षी फार्म, गौरीशंकर पोल्ट्री फार्म | ८००००० | ५००००० |
| २२. | संघ | - | गाउपालिका कृषि तथ्याङ्क संकलन | १००००० | १००००० |
| २३. | गाउँपालिका | संघ | कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन | ४४०००० | ४००००० |
| | जम्मा | | | २१४४०००० | १२१००००० |

५६.२. कृषी अनुदान:- आर्थिक कार्यविधि तथा सार्वजनिक उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (७ र ८) मा सार्वजनिक निकायले अनुदानबाट संचालित कार्यक्रमहरुको लागत अनुमान अधिकारप्राप्त अधिकारी बाट स्वीकृत गर्ने, स्वीकृत कार्यक्रम अनुसार संचालन गरी सो कार्यक्रममा प्रयोग भएका मालसामान तथा त्यसका विल भर्पाई सहित कार्यक्रममा उपस्थिती तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिहरुको संख्या समावेश गरी प्रतिवेदन तयार गर्दै अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउने र आधिकारिक निकायबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ सोही अनुरुप अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु. २०००००

| गो.भौ. /मिति | विवरण | फर्मको नाम | रकम |
|---|---|---|---|
| ७२६/७७/१२/२१ | मकै विउ खरिद गरी वितरण | जिवनको साहारा कृषी फर्म | १००००० |
| ९९५/७८/३/३ | सर्पेपु साना कृषी सहकारी संस्था लिमिटेड | युरिया मल खरिद गरी वितरण | १००००० |
| | | जम्मा | २००००० |

## गाउँपालिका पूँजिगत

५७. विमा:- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी लागत अनुमान भएका निर्माण कार्यको लागि निर्माण व्यवसायीले त्रुटी सच्चाउने दायित्वको अवधि समेत समेटिने गरी विमा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकले निम्नानुसारका निर्माण कार्यमा विमाको व्यवस्था नगरेको, व्यवस्था गरेपनि कार्यान्वयन एवं त्रुटि सच्याउने अवधि सम्मको विमा गर्नुपर्नेमा ठेक्का अवधि सम्मको मात्र बिमा गरेको छ । अत : निर्माण कार्यमा त्रुटि सच्चाउने अवधि समेत समेट्ने गरी विमा गरेको प्रमाण पेश गर्नुपर्ने रु ३१५५७



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| निर्माण कार्य | लागत अनुमान | बिमा बापतको रकम | बिमा अवधि | भुक्तानी रकम |
|---|---|---|---|---|
| मार्वु चंखु सुरी सडक | १४९९९४६८ | ३०००० | नगरेको | ० |
| जामुने कसेरी सडक | ९८९६२१६ | ३०००० | नगरेको | ० |
| गाउँपालिका भवन निर्माण | १०५११४६१ | २०००० | नगरेको | ० |
| जगतफेदी टासीनाम सिमिगाँउ सडक | १४५४२०५४ | - | २०७७ चैत्र २५- २०७८ आषाढ ८ सम्म | ३१५५७ |

५८. **पूर्वानिर्धारित क्षतिपूर्ति :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायको ढिलाईको कारणले खरिद सम्झौता बमोजिम तोकिएको समय भित्र सम्पन्न हुन नसकेको खण्डमा निजले सार्वजनिक निकायलाई सम्झौता बमोजिम तोकिएको दश प्रतिशत नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ पालिकाले लागत अनुमान रु.१०५११४६१ रहेको गाउँपालिका भवन निर्माण कार्य २०७८।०३।१५ मा सम्पन्न हुनेगरी २०७७।११।१८ मा रु.६२५४९४६.७९ को संम्झौता भएको छ। दोस्रो रनिङ बिल सम्मको रु.५१७०८६८ भुक्तानी भएकोमा, कार्यपालिकाको २०७८।३।९ को निर्णयानुसार २०७८।४।३२ सम्म म्याद थप गरेता पनि निर्माण कार्य सम्पन्न भएको प्रमाण पेश गरेको छैन। नियमानुसार निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

५९. **कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(४) मा निर्माण व्यवसायीले पेश गर्ने कार्यसम्पादन जमानतको अवधि, निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधि भन्दा कम्तिमा एक महिना बढी हुनुपर्ने व्यवस्था रहेको छ ।पालिका अन्तर्गत संचालित विभिन्न निर्माण कार्यमा पेश गरेको कार्यसम्पादन जमानतको म्याद नियमानुसार नभएकाले कानूनी व्यवस्था अनुसार कार्यसम्पादन जमानत म्याद थपको प्रमाण पेश गर्नुपर्दछ।

| ठेक्का लिनेको विवरण | कार्यसम्पन्न | म्याद | हुनुपर्ने | रकम |
|---|---|---|---|---|
| जनउपकार कन्सट्रक्सन | २०७८।२।१५ | २०७९।१।१ | २०७९।३।१६ | ३०७४९५८ |
| आधुनिक कन्सट्रक्सन | २०७८।२।३० | २०७९।०२।०४ | २०७९।३।३१ | १४२८३०६ |
| | | | जम्मा | ४५०३२६४ |

संघीय हस्तान्तरित पूँजिगत

६०. **सोझै खरीदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) सा रु ५ देखि १० लाख सम्म लागत अनुमान भएको खरिद कार्य शिलवन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसारको सोझै खरिद गरेको छ ।अत नियमानुसार खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्ने रु १३६७२२७

| गो.भौ-मिति | खरिद सामाग्री | सप्लायर्स | रकम |
|---|---|---|---|
| ११-०७७।१०।१५ | सामसुङ टयाव ७ थान | मण्टेश्वरी टेक्नोट्रेड एण्ड सप्लायर्स | २९९९४२.४१ |
| ३३-०७७।१२।११ | डेस्कटप तथा प्रिन्टर | मण्टेश्वरी टेक्नोट्रेड एण्ड सप्लायर्स | ४६२८४८ |
| ३५-०७७।१२।११ | डेस्कटप तथा प्रिन्टर | मण्टेश्वरी टेक्नोट्रेड एण्ड सप्लायर्स | ३७६९६८ |
| ९८-०७८।३।३१ | क्यानन स्क्यानर लगायत | वुशल ईन्टरप्राइजेज | २२७४६९ |
| | जम्मा | | १३६७२२७ |

६१. **कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले लागत अनुमान रु.३७७३७०७ रहेको वार्ड स्वास्थ्य कार्यालयको रू.३४२७६८८ को कार्य भई गतवर्ष २०७६।११।३० मा कार्यसम्पन्न भई रु.२२२०७१५ को बिल प्राप्त गो.भौ.नं.२१-०७७।३।३१ बाट रु.५५४३०४ भूक्तानी गरी बाँकी गो. भौ. नं. १८।०७७।१०।१९ बाट रु.१६६६४१० भुक्तानी भएको छ। उक्त निर्माणकार्यको कार्यसम्पन्न प्रतिवेदन पेश हुनपर्दछ।

६२. **सुधारिएको चुलोः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक खरिद योजना तयार गरी आवश्यकताको आधारमा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। ४८८९५१



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गोरीशंकर गाँउपालिकाले विभिन्न घरलाई सुधारीएको चुल्हो निर्माण कार्यको लागि गाँउशहर इन्टरप्राइजेज सँग संम्झौता गरी सप्लायर्सलाई गो भौ नं ९५।०७८।३।११ बाट विलको आधारमा रु.४८८९५१ भुक्तानी भएको छ । संम्झौताको शर्त बमोजिम आयोजना सम्पन्न भए पछि अन्तिम भुक्तानीको लागि कार्य सम्पन्न प्रतिवेदन नापी किताव प्रमाणित विल भरपाई योजनाको फोटो आय ब्ययको अनुमोदन, सार्वजनिक लेखापरीक्षण लगायतका कुराहरु पेश भएपछि जाँचपास तथा फरक गरी अन्तिम भुक्तानी दिनुपर्ने उल्लेख भएकोमा खरिद सामग्री मौज्दात रहेको छ। अत : आवश्यकता पहिचान गरी खरिद नगरेको रु | |
| ६३. | लागत अनुमानः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार लागत अनुमान तयार गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले रु.५८३१६६१ रहेको डोपाटार झोलुङ्गेपूलको निर्माण कार्यमा गाउँपालिकाबाट ६ प्रतिशत, स्थानीय समुदायबाट २ प्रतिशत र बाँकी ९२ प्रतिशत संघीय सशर्त अनुदानबाट भूक्तानी हुनेगरी सम्झौता गरेकोमा, हालसम्म उक्त निर्माण कार्यको सामान आपूर्ति बापत रु.१६९९१८३ र पुल जडान बापत रु.३२२२०७७ गरी रु.४९२१२६० भूक्तानी भई निर्माण कार्य सम्पन्न भएकोमा निम्नानुसार देखिएको छ। | |
| ६३.१. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार निर्माण कार्य सम्पन्न भए पश्चात सामाग्री आपूर्ति एवं निर्माण समेतको एकिकृत कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यस्वीकार प्रतिवेदन तयार गरेको देखिएन | |
| ६३.२. | गाउँपालिकाबाट कुल निर्माण लागतको ६ प्रतिशतले हुने रु.२९५२७५ मात्र खर्च लेख्नुपर्नेमा संघीय सशर्तबाट प्राप्त रकम नपुग भएको भनि गाउँपालिका बाट रु.४५५६४६ खर्च लेखेकाले अनुपातिक हिसाबले बढी खर्च लेखेको रु. | १६०३७१ |
| ६४. | बढी भूक्तानीः आधारभूत स्वास्थ्य केन्द्र भवन रोल्वालिङको निर्माण कार्यको लागत अनुमान रु.१६५२१४७ मा १० प्रतिशत उपभोक्ता समितिले व्यहोर्नुपर्नेमा कुल कार्य भएको १६५२१४७ का १० प्रतिशतले हुने रु.१६५२१४ कट्टि गरी जम्मा रु.१४८६९३३ भुक्तानी दिनुपर्नेमा रु.१५३३००० भूक्तानी भएकाले बढी भूक्तानी भएको रु. | ४६०६७ |
| ६५. | लघु उद्यम विकास कार्यक्रमः- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९(७, ८) अनुसार सार्वजनिक निकायलाई प्राप्त हुने अनुदान रकमबाट खर्च गर्दा कार्यक्रम स्वीकृत गराउने र सोही अनुसार आवश्यक बिल, भर्पाई, उपस्थितिको माईन्युटको उक्त कार्यक्रमबाट प्राप्त हुने उपलब्धीको यथार्थ चित्रण हुने गरी प्रतिवेदन तयारी गरी जिम्मेवार पदाधिकारीबाट स्वीकृत गराउने व्यवस्था रहेको छ। पालिकाले लघुउद्यम विकास कार्यक्रम संचालन गर्न रु.३०००००० अनुदान प्राप्त भएकोमा कार्यक्रम संचालन बापत रु.१८८३००० खर्च भएको विवरण पेश गरेको छ। जसमध्ये प्राविधिक सीप विकास तालिम संचालन गर्न रु.५२९६७५ र प्रविधि हस्तान्तरण रु.२७०००० गरी रु.७९९,६७५ खर्च गरेको छ। पालिकाले कार्यक्रम संचालन गर्नुपूर्व सम्भावित लाभग्राहीको पहिचान, कार्यक्रम संचालन र कार्यक्रम संचालन पश्चात प्राप्त उपलब्धिको लेखाजोखा गरी त्यसको प्रभावकारिता मूल्याङ्कन सम्बन्धमा प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको छैन। साथै लघुउद्यम विकास कार्यक्रमबाट उत्पादित सामाग्रीको उपयोग सम्वन्धमा अनुगमन गरेको छैन। | |
| | **संघिय हस्तान्तरित कार्यक्रम शिक्षा** | |
| ६६. | **सहभागी भत्ता र यातायात खर्च :** अर्थ मन्त्रालयद्धारा जारी कार्य संचालन निर्देशिका २०७५ को सातौ संशोधन को बुदा नं ७ अनुसार सार्वजनिक निकायले कार्यक्रम संचालन गर्दा सहभागि लाई रु ७०० र २ दिने कार्यक्रममा यातायात भत्ता २०० र ५ दिन भन्दा वढी अवधिको कार्यक्रममा रु ५०० का दरले यातायात खर्च दिने व्यवस्था रहेको छ ।गाँउपालिकाले निम्नानुसार कार्यक्रम संचालन गर्दा सहभागी लाई सहभागी भत्ता र यातायात खर्च वापत नर्म्स भन्दा बढि भुक्तानी भएको भएको छ । आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ । | |

| गो भौ नं र मिति | कार्यक्रमको नाम | विषय शिर्षक | नर्मश अनुसार भुक्तानी हुने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५५।०७७।६।३० | २ दिते अभिमुखिकरण कार्यक्रम | सहभागी भत्ता १७ जना | २३८०० | ३४००० | ५७०० |
| | | २ जनालाई प्रशिक्षक भत्ता | २४०० | ९००० | ६६०० |
| १२९।०७७।१०।२१ | २ दिने स्वास्थ्य चौकीको न्यूनतम मापदण्ड कार्यक्रम | ७ वटा स्वास्थ्य चौकी का सहभागी भत्ता | ५१८०० | ७४००० | १९८०० |
| १३२।०७७।१०।१९ | १ दिने सर्ने नसर्ने रोग सम्वन्धी कार्यक्रम | २५ जना सहभागीलाई भत्ता | १७५०० | २५००० | २५०० |
| १६५।०७७।११।१७ | २ दिने पोषण कार्यक्रम | ९ जना सहभागीलाई सहभागी भत्ता | १२६०० | १८००० | ५४०० |
| २३८।०७८।१।१४ | समुदायमा आधिरित नवजात शिसु कार्यक्रम | ३ वटा स्वास्थ्य चौकीमा संचालित कार्य१६ वटा सहभागि | ११२०० | १६००० | ४८०० |
| ४२०।०७८।३।१६ | इन्द्र बहादुर जिरेलद्धारा संचालित कार्यक्रम | गा पा लगायत ८ स्थानमा संचालन भएको १ दिने कार्यक्रमा सहभागिता बापतको १६८ भत्ता | ११७६०० | १६८००० | ५०४०० |
| जम्मा | | | | | ९५२०० |

६७. **खुल्ला दरभाउपत्रबाट खरिद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८३(१) अनुसार रु ५ लाख देखि २० लाख सम्म लागत अनुमान भएको खरिद कार्य शिलवन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले दैनिक रुपमा आवस्यक सामानहरु ५ लाख भन्दा साना टुक्रा बनाई विभिन्न मितिमा खुल्ला दरभाउपत्रद्धारा खरिद गरेको छ । अतः नियमावलीको नियम ८ बमोजिम वार्षिक खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्ने रु — ८५५०४६

| गो भौ नं र मिति | सामान आपूर्तिकर्ता | सामानको विवरण | रकम |
|---|---|---|---|
| ९७।०७७।९।२० | मानन्धर ट्रेड कन्सर्न प्रा लि | ल्यापटप लगायत कार्यालयजन्य सामाग्री | ४९७३४१ |
| ११।०७७।६।१५ | ऐश्वर्य स्टेशनरी सेन्टर | कार्यालय सामाग्री खरिद | २३३१६९ |
| २१।०७७।६।१५ | मानन्धर ट्रेडिङ्ग कन्सर्न | कार्यालय सामाग्री खरिद | १२४५३६ |

६८. **आनुपातिक बढी खर्चः-** एक गाँउ एक प्राविधिक कार्यक्रम संचालन निर्देशिका अनुसार नेपाल सरकारको ५० प्रतिशत अनुदान र स्थानीय तहले ५० प्रतिशत गरी मासिक तलव भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले एक गाँउ एक प्राविधिक अन्तर्गत ४ जना ना प्रा स लाई मासिक रु २८६१० का दरले वार्षिक रु १४२३७२० भुक्तानी गर्दा गाँउपालिकाबाट रु ७११८६० र संघीय अनुदानबाट रु ७११८६० लेखुपर्नेमा स्थानीय निकायबाट ४१०९८० र संघ बाट रु १०१२७४० लेखी रु.३००५०० बढी लेखेको छ । बराबर साझेदारीमा खर्च गर्नुपर्नेमा सो नगरी बढी खर्च गरेको संघीय रकम फिर्ता गर्नुपर्नुपर्ने देखिएको रु. — ३००५००

६९. **हाजिरी भन्दा अधिकको रकम भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार खर्च लेख्दा विल भरपाई सहित त्यसको औचित्यताको आधारमा खर्च लेख्नुपर्ने व्यवस्था गरेको छ । गा. पा. ले गरिब पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमा काम गर्न नियुक्त भएका ३ जना कर्मचारीलाई मिति २०७७।१०।२३ मा करार सम्झौता गरी कार्य स्थलमा खटाएको भएता पनि फाल्गुन १ देखिमात्र कार्य गरेको हाजिरी गरेको देखियो । अत हाजिरी हुनुभन्दा अघि ७ दिनको तलव भत्ता भुक्तानी दिएकोमा २०७७.१०.२३ मा करार सम्झौता गरी २०७७.१०.२५ देखि जिल्ला समन्यन समितिमा संचालन भएको ७ दिने अभिमुखिकरण तालिममा खटाएको उल्लेख गरेकोमा तालिममा सहभागि भएको प्रमाण पेश गर्नुपर्ने रु. — १८६२०

७०. **कार्यक्रम संचालन :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९(८) मा स्वीकृत कार्यक्रम अनुसार संचालित कार्यक्रममा रकम खर्च गर्दा नियमानुसार खर्च गरी



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | त्यसमा भएको खर्च खरिद गरिएको मालसमानको विवरण तथा विल भरपाई सहित अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।गाउँपालिका अन्तर्गत संचालित निम्नानुसार विभिन्न योजनाहरु संचालन गरेको आधिकारीक निकायबाट अनुमगन गरी प्रतिवेदन पेश भएको छैन । अतः नियमानुसार प्रतिवेदन पेश गर्नुपर्दछ। | |

| गो भौ नं र मिति | कार्यक्रमको नाम | स्थान | विवरण | रकम |
|---|---|---|---|---|
| २०६।०७७।१२।११ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | निलकन्ठेश्वरी मा वि | कार्यक्रम ईष्टिमेट छैन । कार्यसम्पन्न प्रतिवेदन नभएको साथै अनुगमन प्रतिवेदन नभएको | १००००० |
| ४२३।०७८।३।१६ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | हिमचुली बहुउद्देश्य सहकारी संस्था लि | अनुगमन गरी प्रतिवेदन पेश नभएको | १०००००० |
| ४५७।०७८।३।१९ | बहुपोषण कार्यक्रम | सुनौला हजार दिनको महिलालाई खाध्यन्न वितरण | अनुमगन प्रतिवेदन नभएको | १०३२४९९ |
| ४६६।०७८।३।२० | चरिचरण विस्तार तथा बर्षातको पानी संकलन उ स | | अनुमगन प्रतिवेदन नभएको | ६८०००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७१. | आमा सुरक्षा कार्यक्रम : विभिन्न स्वास्थ्य चौकिमा आमा सुरक्षा कार्यक्रम अन्तर्गत पेश्की प्राप्त पछि फछ्यौंट गर्ने क्रममा बाँकी रहेको रकम संघीय खातामा जम्मा गर्नुपर्नेमा गाँउपालिकाकै खातामा रकम दाखिला गरेको हुदा उक्त रकम संघीय खातामा दाखिला गर्ने रु. | २६३६०० |

| गो भौ नं र मिति | पेश्की प्राप्त गर्ने व्यक्ति | पेश्की लिएको | फर्छ्यौट | बाँकी रकम |
|---|---|---|---|---|
| ४२५।०७८।३।१७ | नविना थापा | ७२००० | ९६०० | ६२४०० |
| ४२१।०७८।३।१६ | ईन्दिरा खड्का | १४४००० | ७२००० | ७२००० |
| ५०१।३।२९ | सुवास कार्की | ६७००० | ३८४०० | २९००० |
| ४९०।३।२३ | रामवोल मण्डल | १४४००० | ९४४०० | ४९६०० |
| ५०५।०७८।३।३१ | विना गुरुङ्ग | ४८००० | ४८००० | २४००० |
| ५०४।०७८।३।३१ | रहेन प्रधान | २६६०० | ० | २६६०० |
| | जम्मा | | | २६३६०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७२. | सार्वजनिक विदा र संचार सुविधा : कोरोना (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ को बुदा नं ६(२) अनुसार प्रदेश तथा स्थानीय तहले कोभिड नियन्त्रण कार्यमा खटाएका जनशक्तिलाई सम्वन्धित प्रदेश सरकार तथा स्थानीय तहले नै जोखिम भत्ताको व्यवस्था गर्नुपर्ने उल्लेख छ । गा पा ले संघीय शसर्त बजेटबाट १५ जना करार स्वास्थ्य कर्मचारीलाई २ महिनाको संचार खर्च भनी गो भौ नं १७।०७८।६।६ बाट रु.३२८७४५ खर्च लेखेको छ । त्यस्तैगरी गो भौ नं २६।०७७।६।२६ करारका स्वास्थ्य कर्मी र कार्यालय सहयोगी लाई संचार खर्च भनी १३ जना कर्मचारीलाई रु १३३९६६ र ८ जना सहयोगीलाई ५७६०० गरी जम्मा रु १९१५६६ भुक्तानी दिएको छ ।यसरी संघीय सशर्त बजेटको शर्त भित्र रहि खर्च गर्नुपर्नेमा पालिका स्तरीय निर्णय गरी रकम भुक्तानी दिएको छ । गाँउपालिकाले स्वास्थ्य संस्था प्रमूखलाई कोभिड रोकथाम तथा न्यूनीकरण एंव क्वारेन्टाइन म्यानेजटमेन्टको लागी खटाएको सन्दर्भमा कार्यपालिकाको बैठकबाट निर्णय गरी संचार सुविधा र प्रोत्साहन दिएको जनायतापनि तलवी फारममा संचार र विदा भत्ता उल्लेख गरी भुक्तानी गरेको कोभिडमा काम गरेको प्रमाण खुल्दैन ।कोभिडमा काम गरेको भनि भुक्तानी गर्दा आन्तरिक श्रोत बाट रकम खर्च लेख्नुपर्नेमा संघीय सशर्त अनुदानबाट खर्च लेखेको हुदा सो बरावरको रकम सघीय कोषमा फिर्ता पठाउनुपर्ने देखिएको रु. | ५२०३११ |
| ७३. | प्राविधिक धार संचालन : शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका | |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | २०७७ अनुसार विद्यालय प्राविधिक धार संचालन गर्दा नियमानुसार निर्माण गर्ने विद्यालयको खातामा अनुदान रकम प्रदान गर्ने र खर्च नभएको रकम केन्द्रिय खातामा फिर्ता गर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले हलेश्वर मा वि लाई प्राविधि धार संचालन गर्नको लागि ल्याव निर्माण गर्नको लागि आ व को अन्त्य तिर गो भो नं ४७०।३।२० मा रु २५००००० उक्त विद्यालयको खातामा रकम दाखिला गरेको छ । विद्यालयले कोभिडको कारणले कार्य संचालन गर्न नसकेको भनी उक्त रकम खातामा राखेको छ । नियमानुसार आर्थिक बर्षको अन्त्यमा खर्च हुन नसकि बाँकी रहेको रकम केन्द्रिय खातामा दाखिला गर्नुपर्नेमा सो नगरेको रु | २५००००० |
